# विहादी गाउँपालिका

## स्थानीय राजपत्र

| | | | | | |
|---|---|---|---|---|---|
| **खण्ड** | **१०** | **संख्या ४** | | **मिति** | **२०८३।०५।०४** |

# भाग २

## विहादी गाउँपालिका
## गण्डकी प्रदेश, नेपाल

### संवत २०८३ सालको कार्यविधि / निर्देशिका / मापदण्ड संख्या ४

### भकारो सुधार कार्यक्रम संचालन कार्यविधि, २०७९ मा पहिलो पटक संसोधन, २०८३

विहादी गाउँ कार्यपालिकाले निर्माण गरेको भकारो सुधार कार्यक्रम संचालन कार्यविधि, २०७९ मा केही संशोधनको आवश्यकता भएकोले लागि विहादी गाउँ कार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा ३ तथा विहादी गाउँपालिकाको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५ बमोजिम यो कार्यविधिमा देहाय बमोजिम संशोधन गरि प्रकाशन गरिएको छ ।

## भकारो सुधार कार्यक्रम संचालन कार्यविधि, २०७९ मा पहिलो पटक संसोधन, २०८३

**कार्यपालिकाबाट स्वीकृत मिति : २०८३।०५।०४**

विहादी गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अनुसार पशु पालन गर्ने कृषकहरुको भकारो सुधार गर्ने कार्यक्रम व्यवस्थित, सरल, सहज, प्रभावकारी र पारदर्शी रुपमा सञ्चालन गर्न विहादी गाउँपालिका गाउँ कार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २(ण) अन्तर्गत अधिकार प्रयोग गरी यो भकारो सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ बनाएकोमा केही परिच्छेदको दफामा संसोधन गर्नु पर्ने भएकोले यो तयार पारिएको हो ।

१. परिच्छेद-२ को दफा (६)को 'ख' मा कृषकले २ वटा (भैंसि वा गाईगोरु) पालेको हुनुपर्नेछ को सट्टा कृषकले १ वटा भैंसी वा गाईगोरु पालेको हुनुपर्ने ।
२. परिच्छेद-२ को दफा (८)को 'क' मा भकारो सुधार गर्दा कम्तिमा २ वटा पशुका लागि गहुत नचुहिने गरि पक्की गर्नु पर्ने को सट्टा कम्तिमा १ वटा पशुको लागि गहुत नचुहिने गरि पक्की गर्नु पर्ने ।
३. परिच्छेद-२ को दफा (९) मा समितिबाट छनोट भएका कृषक/समुहलाई प्राविधिक मुल्यांकन गरि प्रति भकारो रु १०,०००/- अनुदान उपलब्ध गराईनेछ को सट्टा समितिबाट छनोट भएका कृषक/समुहलाई प्रति भकारो रु १०,०००/- अनुदान उपलब्ध गराईनेछ ।
४. परिच्छेद-२ को दफा (१०) मा भकारो सुधार कार्यक्रम सम्पन्न भएपछि सम्बन्धित प्राविधिकले सो को गुणस्तर निरीक्षण गरी प्रमुख प्रशासकिय अधिकृतको तोकआदेशमा मात्र कृषकलाई विहादी गाउँपालिकाले अनुदान उपलब्ध गराउनेछ को सट्टा भकारो सुधार कार्यक्रम सम्पन्न भएपछि विल भरपाईको आधारमा कम्तिमा रु २०,०००/- बराबरको काम गरेबापत कृषककै खातामा भुक्तानी हुने गरि रु १०,०००/- पालिकाले भुक्तानी गर्नेछ ।
५. परिच्छेद-२ को दफा (१२)को 'ङ' मा कृषि विकास शाखा प्रमुखको –सदस्य सचिवको सट्टा कृषि विकास शाखा प्रमुख/पशु विकास शाखा प्रमुख- सदस्य सचिव हुने ।
६. परिच्छेद-२ को दफा (६) को थप बुँदा 'च' मा भकारो सुधार गर्न चाहने कृषकले फर्म दर्ता, स्थाई लेखा नं. , करचुक्ता प्रमाणपत्र, पशु बिमा पोलिसि प्रमाणपत्र, नियमित खोप लगाएको कार्डको प्रतिलिपिका अधारमा मूल्याङ्कनको लागि प्राथमिकता दिईनेछ ।

आज्ञाले
थमन बहादुर रेश्मी
प्रमुख प्रशासकीय अधिकृत